का.जि.प्र.का.द.नं. १००/०५९/६०
२० वैशाख २०७९,
मंगलबार
3 May 2022,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ८७ । पृष्ठ १२ Madhyanha National Daily www.madhyanhadaily.com


जाजरकोट कुशे गाउँपालिकाको उपाध्यक्षका उम्मेदवार तेजबहादुर रोकाय गहुँ काटेर भोट माग्दै । नेकपा माओवादी केन्द्रका नेता रोकायलाई सत्ता गठबन्धनले साझा उम्मेदवार बनाएको छ । तस्वीरः हेमन्त केसी, रासस

# निर्भय निर्वाचन

नेपालमा भएका विगतका सबै चुनावमा भय देखाउन कुनै न कुनै समूह देखिएका थिए । यो पटक त्यस्तो छैन, संविधानले परिकल्पना गरे जस्तै निर्भय प्रतिस्पर्धा उम्मेदवारहरुबीच देखिन्छ ।


नेपालमा भएका हरेक चुनावमा कुनै न कुनै समूहले बहिष्कार गरेर अशान्ति मच्चाउने प्रयत्न गर्दथे । तर, अहिले शान्ति सुरक्षामा कुनै चुनौती छैन, यो नेपालको आफ्नै सफलता पनि हो ।

**सूर्यप्रसाद श्रेष्ठ**
**पूर्वप्रमुख निर्वाचन आयुक्त**


अनेक विकृतिमाथि प्रश्न गर्ने ठाउँ छन् । तर, कस्तो हुन्छ निभर्य लोकतन्त्र भन्ने उदाहरण नेपालले अर्न्तराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गरेको छ ।

**लोकराज बराल**
**राजनीतिक विश्लेषक**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

३० वैशाखको चुनावले मुलुकलाई छपक्कै छोपेको छ । उम्मेदवारहरु मतदाताका घरघर पुगिरहेका छन् । गृहमन्त्रालयका अनुसार, शान्ति सुरक्षामा उम्मेदवारहरु बीच हुने प्रतिस्पर्धाले निम्तन सक्ने घटना बाहेक कुनै भय देखिन्न ।

निर्वाचन आयोगका पूर्वप्रमुख निर्वाचन आयुक्त सूर्यप्रसाद श्रेष्ठका अनुसार यो पटक साच्चै चुनाव आए जस्तो भएको छ । 'चुनावका अनेकन विकृत आफ्ना ठाउँमा छन् तर, चुनावमा सहभागी हुने र शान्ति सुरक्षाको दृष्टिकोणले नेपालमा साच्चै लोकतन्त्र आए जस्तो अनुभूत भएको छ' श्रेष्ठले मध्यान्नसँग भने ।

नेपालमा भएका २०१५ सालदेखिकै चुनावबारे आफु जानकार रहेको भन्दै उनी थप्छन्, 'नेपालमा भएका हरेक चुनावमा कुनै न कुनै समूह बहिष्कारमा थिए । बहिष्कारमा हुनेहरुले चुनाव विथोल्न अशान्ति मच्चाउने प्रयत्न गर्दथे । तर, अहिले शान्ति सुरक्षामा कुनै चुनौती छैन यो नेपालको आफ्नै सफलता पनि हो ।'

निर्वाचन आयोगका पूर्वप्रमुख आयुक्त श्रेष्ठले भने जस्तै २०१५ सालको चुनाव विशेष परिस्थितिमा भएको थियो । के आइ सिंह जस्ता समूह चुनावको विपक्षमा थिए । राजाबाटै चुनावको उपयोगमा आशंका थियो । २०१७ सालमा राजाले कु गरेर पञ्चायत सुरु गर्नुले पनि २०१५ सालको चुनावमा राजाको सहयोग कस्तो थियो भन्ने अनुमान लगाउन सकिन्छ ।

पंचायमा भएका हरेक चुनावमा बहुदल पक्षधर र कम्युनिस्टहरुले असहयोग गर्नु स्वभाविकै थियो । २०३६ सालको जनमत संग्रह पनि शान्तिपुर्ण रहन सकेन । तत्कालिन राजाले नै सुधारिएको पंचायतका लागि बिभिन्न ठाउँमा अशान्ती मच्चाएको र मतपत्रको बाकस नै साटेको टिप्पणी हुने गर्दछ ।

२०४६ सालमा भएको प्रजातन्त्र पुर्नबहालीपछिको चुनाव पनि भयरहित हुन सकेन् । त्यसबेला मुख्य कम्युनिस्ट पार्टीहरुले चुनावको उपयोग गनृे नीति लिए पनि साना समूहमा रहेका कम्युनिस्टहरुले चुनावमा असहयोग गर्ने नीति लिए ।

२०५१ को चुनाव हुँदै गर्दा तत्कालिन मुलुकमा सशस्त्र युद्धको तयारी गर्ने समुह नै थियो । २०५२ साल फागुन १ गते त तत्कालिन माओवादीले सशस्त्र युद्धको घोषणा नै गऱ्यो । राजाको प्रत्यक्ष संलग्नातामा भएका २०५४ साल, ०५६ सालको चुनाव पनि भयरहित हुन सकेन् । त्यसबेला माओवादी युद्ध थप उत्कर्षमा पुग्दै थियो ।

माओवादी शान्ति प्रक्रियामा आएपछि भएको २०६४ सालको संविधानसभाको चुनाव पनि भयरहित थिएन । किनभने चुनावमा सहभागी भएको माओवादी पार्टीसँग हतियार थियो ।

२०६४ सालको चुनावको केही समयपछि माओवादीको हतियार जनमुक्ति सेनाको नेपाली सेनामा समायोजन भएसँगै हतियार पनि सरकारको नियन्त्रणमा गयो । तर, सेना समायोजनकै निर्णयमा चित्त नबुझाएर माओवादी पार्टी फुट्यो । फुटेको समूहसँग पनि हतियार रहेको भनियो ।

त्यसको प्रभाव २०७० सालको संविधान सभाको दोस्रो चुनावमा देखा पऱ्यो । त्यसबेला मोहन बैद्य, नेत्रविक्रम चन्द नेतृत्वको पार्टीहरुले बिभिन्न ठाउँमा बम – बाँकी पृष्ठ २ मा

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्न् ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोगरी निभाऔं,
- वन जंगलमा धुम्रपान नगरौं,
- हाम्रो सानो असावधानीले जंगलमात्र होईन आसपासका वस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

*सचेत बनौं, डढेलोबाट आफू पनि बचौंर अरूलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेतृत्व सधैं आरोपित

एआइजी विश्वराज पोखरेलले धिरजप्रताप सिंहलाई आइजी नियुक्त गर्ने सरकारको निर्णय खारेजीको मागसहित सर्वोच्च अदालतमा रिट दायर गरेका छन् ।


*प्रहरी महानिरीक्षक धीरप्रताप सिंहलाई गृह मन्त्रालयमा सोमबार दर्ज्यानी चिन्ह लगाइदिदै गृहसचिव टेकनारायण पाण्डे । तस्वीरः रासस*

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

नेपाल प्रहरीको महानिरीक्षक नियुक्तविरुद्ध परेको रिटमाथि बुधबार सुनुवाइ हुने भएको छ । कनिष्ठलाई महानिरीक्षक नियुक्त गरिएको भन्दै सर्वोच्चमा सोमबार रिट दायर भएको छ । एआइजी विश्वराज पोखरेलले सरकारलाई आफू भन्दा कनिष्ठलाई आइजी नियुक्त गरेको भन्दै रिट दायर गरेका हुन् ।

एआइजी पोखरेलले सरकारले आइतवार गरेको नियुक्ति कानून बिपरीत भएको दावी गरेका छन् । सबै हिसाबले आफू वरिष्ठ भएको उनको जिकिर छ । पोखरेलले एसएसपीदेखि भएका बढुवा विवरण पेश गर्दै नेपाल प्रहरीको नियमावली-२०७१ बमोजिम ६ वटा मापदण्डमा आफू अगाडि भएको दावी गरेका छन् ।

जेष्ठता, कार्य कुशलता, कार्य क्षमता, उत्तरदायित्व वहन गर्ने क्षमता, नेतृत्व प्रदानमा कुशलता, परिचालन गर्न सक्ने सामर्थ्य र तल्लो दर्जालाई प्रोत्साहन गर्न सक्ने एआइजी पोखरेलको दावी छ । पोखरेलले सर्वोच्चमा दायर गरेको रिटमा सरकारलाई कार्य क्षमताबारे निर्णय गर्ने अधिकार नभएको पनि दावी गरेका छन् ।

पोखरेलले आफैले दर्ज्यानी दिएका सिंहलाई प्रहरीको नेतृत्वमा अगाडि बढाउने सरकारको निर्णय त्रुटिपूर्ण रहेको समेत उल्लेख गरेका छन् । पोखरेलले २०७४ साउन १९ गते आफ्नो ब्याजमा पहिलो र समग्रमा दशौं भएको विवरण उल्लेख गरेका छन् । उनी २७ वैशाख २०६७ मा डीआइजीमा बढुवा भएका थिए । सिंह भने एक वर्षपछि ७ वैशाख २०७७ मा डीआइजी बढुवा भएका थिए ।

यसपछि पोखरेललाई २४ मंसिर ०७७ मा एआइजी बढुवा गरिएको थियो भने सिंहलाई १७ चैत २०७८ मा एआइजी बढुवा गरिएको थियो । पोखरेललाई प्रहरीको नेतृत्वकै रुपमा – बाँकी पृष्ठ २ मा

# १५ सय रिंगेटभन्दा कमका मागपत्र संशोधन गरी पेश गर्न दूतावासको निर्देशन

**मध्यान्ह संवाददाता**
काठमाडौं, १९ वैशाख

मलेसियास्थित नेपाली दूतावासले कामदारको तलब न्यूनतम १ हजार ५ सय रिंगेट भएको भन्दै सोही अनुसार मागपत्र पेश गर्न रोजगारदातालाई आग्रह गरेको छ । मलेसियाले यहि मे महिनाको पहिलो तारेखदेखि न्यूनतम तलब मासिक १ हजार ५ सय रिंगेट कायम गरेको छ ।

मलेसिया सरकारले न्यूनतम तलब वृद्धि गरेसँगै मलेसियास्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण गर्न आउनेहरुलाई सोही बमोजिमको मागपत्र तथा रोजगारी सम्झौता पत्र अनुरुप ल्याउन भनेको छ । दूतावासले यस अगाडि नै प्रमाणीकरणका लागि पेश गरिएका तर प्रमाणीकरण नभइसकेको मागका लागि समेत न्यूनतम तलबमा १ हजार ५ सय रिंगेट कायम गरेर पेश गर्नुपर्ने बताएको छ ।

गत फेब्रुअरीदेखि मेसियामा

**वैदेशिक रोजगार विशेष**

विदेशी कामदारको मागपत्र प्रमाणीकरण शुरू भएपछि पहिले कायम १२ सय रिंगेट न्यूनतम तलबका मागपत्र दूतावासमा पेश भएका छन् । नेपालमा पनि १२ सय रिंगेट न्यूनतम तलब तोकिएको केही मागपत्रमा पूर्व स्वीकृति भएको छ । मलेसियामा भएको परिवर्तन अनुसार पुराना मागपत्रमा एकरूपता कायम गर्नुपर्ने देखिएको छ ।

मलेसिया भ्रमणमा रहेका श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री कृष्णकुमार श्रेष्ठ (किसान)ले सुरक्षागार्डको मासिक न्यूनतम तलब १५ सय रिंगेट र ओभरटाइम वापतको पारिश्रमिक स्पष्ट नभएको मागपत्र प्रमाणीकरण बन्द गर्न निर्देशन दिइसकेका छन् । मलेसियामा होटल तथा सेवामूलक क्षेत्रले तोकिएको न्यूनतम तलब कार्यान्वयनमा आउन केही समय लाग्ने बताएको छ । मलेसियाका मानव संशाधन मन्त्री एम शरभनानले श्रम बजारमा मलेसियन युवालाई आकर्षित गर्ने उद्देश्यले न्यूनतम तलबमा वृद्धि गरिएको बताउँदै मे महिनाको तलब भुक्तानीदेखि वृद्धि भएको न्यूनतम तलब भुक्तानी गर्नुपर्ने बताएका छन् । मलेसियामा हाल करिब दुई लाख नेपाली कामदार कार्यरत रहेका छन् । उनीहरूले मे महिनाको बढेको तलब जुन महिनाको पहिलो सातादेखि पाउनेछन् ।

## आयोगको भन्यो

# प्रचार सामग्री जथाभावी नराख्नू

आयोगका अनुसार स्थानीय तह निर्वाचनमा ३५३ उम्मेद्वार निर्विरोध निर्वाचित भएका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, १९ वैशाख ।

निर्वाचन आयोगले बिभिन्न राजनीतिक दल, उम्मेदवार र सम्बध पक्षलाई चुनावी प्रचार अभियानमा आचारसंहिताको ख्याल गर्न भनेको छ । सरकारी कार्यालय, नीजि घर र सार्वजनिक स्थलमा उम्मेदवारहरुको प्रचार सामग्री राखिएको सूचना आएको भन्दै आयोगले ध्यानाकर्षण भएको बताएको हो ।

'आचारसंहितामा प्रचार सामग्री पार्टी कार्यालयमा राख्ने, प्रचारका क्रममा सिमित प्रचार सामग्रीको प्रयोग गर्न पाउने र त्यस्ता सामग्रीहरुको साइज समेत तय भएको छ । सोही अनुसार गर्न र गराउनुहुन अनुरोध छ' आयोगका सूचना अधिकारी सुर्य प्रसाद अर्यालले भनेका छन् ।

अन्यथा उम्मेदवारी रद्ध गर्ने आयोगको चेनावनी छ । 'आचारसंहिता उलंघन गर्नेको उम्मेदवारी रद्धसम्म हुन सक्ने तर्फ ख्याल गर्न सबैलाई सचेत गराइएको छ' उनले भने ।

### स्थापितलाई स्पष्टीकरण

निर्वाचन आयोगले काठमाडौं महानगरपालिकाका मेयर उम्मेदवार केशव स्थपितलाई २४ घण्टे स्पष्टीकरण सोधेको छ । १५ वैशाखमा एउटा कलेजमा भएको कार्यक्रममा सोधिएको प्रश्नमा स्थापितले दिएको जवाफलाई लिएर आयोगमा आचारसंहिता उलंघन गरेको भनी उजुरी आएकाले स्पष्टीकरण सोधिएका आयोगले जनाएको छ ।

मिटु आरोपबारेको प्रश्नमा स्थापितले प्रश्नकर्तालाई नै – बाँकी पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२० वैशाख २०७९, मंगलबार
3 May 2022, Tuesday

# जन्ती बोकेको जीप दुर्घटनाः तीन जनाको मृत्यु



**गोरखा/मस-** गोरखामा जन्ती बोकेको जीप दुर्घटना हुदाँ तीन जनाको मृत्यु भएको छ। जिल्लाको सिरानचोक गाउँपालिका-४ आरुबोटे स्थित फिरफिरेमा सोमबार चितवनको जिरौनाबाट जन्ती लिएर आएको बा १४ च ७८१ नम्वरको स्करपिओ रोकिराखेको अवस्थामा एक्कासी गुडेर दुर्घटना भएको प्रहरीले जनाएको छ।

दुर्घटनामा काठमाडौं महानगरपालिका-१६ का पदम न्यौपाने, गोरखाको बारपाक सुलिकोट गाउँपालिका, चनौटेका देवीप्रसाद पोखरेल र नवलपरासीको कावासोती नगरपालिका-१४ का उत्तरकुमार सिग्देलको मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय गोरखाले जनाएको छ। जिल्ला ट्राफिक इञ्चार्ज प्रकाश पोखरेलका अनुसार गाडी सडकबाट करिव दुई सय मिटर तल खसेको थियो। घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# समयमा प्रतिवेदन नपाउनुबारे लिखित जवाफ माग

**काठमाडौं/मस-** सर्वोच्च अदालतले मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिसम्झौताअनुसार पठाउनुपर्ने प्रतिवेदन समयमा पठाउन नसक्नुको कारणसहित लिखित जवाफ माग गरेको छ।

न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले सोमबार नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय, राष्ट्रिय मानव अधिकार आयोग लगायतको नाममा अग्राधिकारसहित १५ दिनभित्र लिखित जवाफ पेस गर्न कारण देखाऊ आदेश जारी गरेका हो।

विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौता अनुमोदनपश्चात् सृजित अन्तर्राष्ट्रिय मानव अधिकार दायित्व पूरा गर्नका लागि स्पष्ट कानुन, नीतिगत कार्यदेशसहितको रिपोर्टिङ र फलोअप संयन्त्र




स्थापनाको आदेश मागी दर्ता भएको रिटमा सर्वोच्च अदालतले अग्राधिकारसहित कारण देखाऊ आदेश जारी गरेको छ।

न्याय तथा अधिकार (जुरी नेपाल) का तर्फबाट संस्थापक अध्यक्ष अधिवक्ता राजुप्रसाद चापागाई, डिजिटल राइट्स नेपालका तर्फबाट संस्थापक अध्यक्ष अधिवक्ता सन्तोष बावु सिग्देल,एड्भोकेसी फोरमका तर्फबाट एड्भोकेसी फोरमको कार्यकारी निर्देशक अधिवक्ता ओमप्रकाश सेन ठकुरी, ह्युमन राइट्स एन्ड जस्टिस सेन्टरका तर्फबाट कार्यकारी निर्देशक अधिवक्ता सलिना काफ्ले र अधिवक्ता रुकमणि महर्जनले सर्वोच्च अदालतमा यही वैशाख १५ गते रिट निवेदन दायर गरेका थिए।

रिट निवेदनमा सन्धिजनिक तथा राष्ट्रसंघीय बडापत्रमा आधारित अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूमा पक्ष राष्ट्रको हैसियतले नेपालबाट पठाउनुपर्ने प्रतिवेदन, आवधिक प्रतिवेदन, रिपोर्टिङ तथा फलोअपका क्रममा नागरिक समाज, मानव अधिकार संघसंस्था तथा सरोकारवालाहरुसँग सार्थक समन्वय गर्न गर्नुपर्ने उल्लेख थियो।

त्यस्तै, यानताविरुद्ध महासन्धि लगायतका सन्धिजनित समितिमा नेपालका तर्फबाट प्रस्तुत गर्नुपर्ने आवधिक प्रतिवेदनहरू अनुचित विलम्ब नगरी यथासमयमा प्रस्तुत गर्न गराउन राष्ट्रसंघीय मानव अधिकार समिति लगायतका सन्धिजनित समितिका सिफारिस तथा निर्णयहरू तदारुकतासाथ कार्यान्वयन गर्न गराउन परमादेशको माग रिट निवेदनमा थियो।

# नेपाल–स्वीट्जरल्याण्ड परामर्श बैठक

**काठमाडौं/मस-** नेपाल-स्वीट्जरल्याण्ड द्विपक्षीय परामर्शको तेस्रो संस्करण सोमबार काठमाडौंमा सम्पन्न भएको छ। परराष्ट्र मन्त्रालयको युरोप-अमेरिका महाशाखाका सहसचिव निर्मलराज काफ्ले र स्वीस संघीय विभाग (एफडीएफए) को एसिया-प्रशान्त क्षेत्रका लागि विदेश मामिलासम्बन्धी सहसचिव एन्ड्रियास राफेल नागेलीको सह-अध्यक्षतामा भएको बैठकमा परराष्ट्र सचिव भरतराज पौड्यालले उद्घाटन मन्तव्य व्यक्त गरेका थिए।

नेपाली प्रतिनिधिमण्डलमा सरोकारवाला मन्त्रालयका अधिकारी र स्वीस प्रतिनिधिमण्डलमा नेपालका लागि स्वीट्जरल्याण्डका राजदूत र एफडीएफए, स्विस सहयोग नियोग(एसडिसी) र यहाँस्थित स्वीस दूतावासका अधिकारीहरूको सहभागिता रहेको परराष्ट्र मन्त्रालयले जनाएको छ।

बैठकमा दुवै पक्षले दुई देशबीचको आपसी सम्बन्ध र सहयोग, क्षेत्रीय सहयोग, बहुपक्षीय ढाँचाभित्रको सहयोग र जलवायु परिवर्तन, आप्रवासन र मानवअधिकारलगायत विश्वव्यापी मुद्दाका साथै साझा चासोका विषयमा विचारविमर्श गरेका थिए।

सन् २०२६ मा अतिकम विकसित राष्ट्रको सूचीबाट नेपालको स्तरोन्नति, कोभिड-१९ सम्बन्धी सहयोगका साथै दिगो विकास लक्ष्यहरू पूरा गर्नेबारेमा पनि बैठकमा छलफल भएको थियो।

यसैगरी दुवै पक्षले द्विपक्षीय सम्बन्धका सबै पक्षको समीक्षा गर्नुका साथै व्यापार, लगानी र पर्यटनका क्षेत्रमा संलग्नता अभिवृद्धि गर्ने सम्भाव्यताबारे छलफल गरेका थिए। नेपाललाई प्राथमिकतामा राखेर नेपाललाई लामो समयदेखि सहयोग गर्दै आएकामा नेपाली पक्षले स्वीस सरकारलाई धन्यवाद दिँदै मुलुकलाई आर्थिक पुनरुत्थान, हरित वृद्धि र अल्पविकसित मुलुकबाट दिगो स्तरोन्नतिको बाटोमा अघि बढाउन त्यस्तो सहयोग महत्वपूर्ण हुनेमा जोड दिएको थियो।

स्वीस पक्षले दुई देशको हितमा द्विपक्षीय सम्बन्धलाई थप मजबुत बनाउन नेपालसँग मिलेर काम गर्न तत्पर रहेको बताएको थियो। साथै उसले स्विस सहयोग रणनीति २०२३-२६ मार्फत नेपालमा विकास सहयोग जारी रहने बताएको थियो।

# गोहीका ५१९ अण्डा संकलन

**चितवन/मस-**चितवन राष्ट्रिय निकुञ्ज हुँदै बग्ने राप्ती र नारायणी नदीबाट घडियालका ५१९ वटा अण्डा संकलन गरिएको छ। ती नदी किनारमा भेटिएका १६ वटा गुडबाट अण्डा संकलन गरिएको हो।



निकुञ्जभित्र रहेको गोही प्रजनन् केन्द्र हेर्दै आउनुभएका सरोजमणि पौडेलका अनुसार राप्तीका १० गुड र नारायणीका छ गुडबाट अण्डा सङ्कलन गरिएको हो। ती दुई नदीमा भेटिएकामध्ये आठ वटा गुडका अण्डा ल्याइएको छैन। ती दुई नदीबाट गत वर्ष ४३६ वटा अण्डा ल्याइएको थियो। ती अण्डाबाट २५८ वटा बच्चा कोरलिएका थिए।

विगत दुई वर्षदेखि प्रजनन् केन्द्रमा पारेका अण्डाबाट बच्चा कोरलिएका छैनन्। त्यहाँ २०३५, २०३६ र २०३७ सालका एक भाले र १२ वटा पोथी गोही छन्। त्यसयताका साना ठूला गरी ५३१ गोही रहेको पौडेलले बताए।

प्रजनन् केन्द्रमा भाले बुढो भएका कारण बच्चा नकोरलिएको हुनसक्ने अनुमान छ। प्रजनन् केन्द्रमा रहेका अन्य गोही साना भएकाले भाले पोथी पहिचान हुन सकेका छैनन्। पौडेलका अनुसार राप्ती र नारायणी नदीमा भने पाँच वटा भाले गोही देखिएका छन्। नदीमा भाले गोही नदेखिएपछि केही वर्षअघि बबइबाट एउटा भाले ल्याइएको थियो। राप्ती र नारायणी नदीमा अण्डा संकलन गरी बच्चा कोरलेर हुर्काएर नदीमा छोड्ने गरिएको छ।

हालसम्म राप्ती, नारायणी, कोसी र बबई नदीमा एकहजार ६९२ गोही छाडिसकिएको छ। निकुञ्जले विसं २०३५ मा गोही प्रजनन् केन्द्र स्थापना गरी प्रजनन् केन्द्रमा हुर्काइएका गोहीका बच्चा नदीमा छाड्दै आएको छ।

# नातिकाजी राष्ट्रिय विशिष्ट श्रष्टा सम्मान भट्टाचार्यलाई



**काठमाडौं/मस-**राष्ट्रपति विद्यादेवी भण्डारीले नातिकाजी राष्ट्रिय विशिष्ट श्रष्टा सम्मान, २०७७ गायन विधाकी नुपुर बनर्जी भट्टाचार्यलाई प्रदान गरेकी छन्। राष्ट्रपति भवन शीतल निवासमा सोमबार नातिकाजी स्मृति समाजले आयोजना गरेको कार्यक्रममा उनले कलाकार, समाजसेवी र पत्रकारलाई पुरस्कार र सम्मान प्रदान गरेकी हुन्।

विभिन्न विधामा गरी नातिकाजी राष्ट्रिय विशेष संगीत सम्मान, २०७७ नारायणदास कार्की ढली, प्रदीप उपाध्याय, उमेश पाण्डे, एसपी कोइराला, कुन्ती मोक्तान, राजकुमार श्रेष्ठ, बि बि थापा, शहदेव ढुङ्गाना, प्रभु ढकाल, शिला पन्त, सीताराम पोखरेल, ज्ञानेन्द्र गदाल, हरिभक्त बुढाथोकी र शीतल कादम्बिनीले प्राप्त गरेका छन्। नातिकाजी राष्ट्रिय सङ्गीत पुरस्कार, २०७७ अरुण तिवारी, सन्तोष श्रेष्ठ, निशा देशार र शिव परियारलाई प्रदान गरिएको छ।

नातिकाजी राष्ट्रिय प्रतिभा पुरस्कार, २०७७ डिपी दाहाल, अर्जुन पोखरेल, सिन्धु मल्ल र अजर जङ्गमले प्राप्त गरेका छन्। नातिकाजी राष्ट्रिय संगीत संयोजन तथा वाद्य पुरस्कार एलिस कार्की ढलीले पाएकी छन्। नातिकाजी राष्ट्रिय कला पत्रकारिता पुरस्कार विजयरत्न तुलाधर र दिवाकर मैनालीले पाएका छन्।

नातिकाजी राष्ट्रिय शास्त्रीय संगीत पुरस्कार, २०७७ अमृतहिरा तुलाधर योगी र नातिकाजी राष्ट्रिय लोक सङ्गीत पुरस्कार कृष्ण कँडेलले प्राप्त गरेका छन्।

सो अवसरमा राष्ट्रपति भण्डारीले नातिकाजीका सिर्जना सम्पदाका रूपमा रहेको उल्लेख गरिन्। उनका सिर्जनामा राष्ट्र, राष्ट्रियता र देशप्रेम ओतप्रोत रहेको राष्ट्रपति भण्डारीको भनाइ छ। नेपाली मौलिकताको संरक्षण र संवर्द्धन गर्नु हामी सबैको कर्तव्य भएको उनले बताइन्। उनले भनिन्, 'स्मृति समाजले कलाकारलाई सम्मान गरेर नवप्रतिभालाई प्रोत्साहित गरेको छ।'

समाजका अध्यक्ष शम्भुजित बाँस्कोटाले नातिकाजी बाल्यकालदेखि जीवनको अन्तिम समयसम्म संगीत सिर्जनामा लागेको उल्लेख गरे। पुरस्कृत व्यक्तित्व एसपी कोइरालाले पुरस्कारले थप जिम्मेवार बनाएको बताए।

## तीन चिनियाँ नागरिकको मृत्यु, चार घाइते

**बागमती/मस-**मकवानपुरको बकैयामा तराईलाई काठमाडौं जोड्ने द्रुतमार्ग निमार्ण गर्ने क्रममा लोडर दुर्घटना हुँदा तीनको मृत्यु भएको छ भने चार घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

मृतक दुवै चिनियाँ नागरिक रहेको प्रहरीले जनाएको छ। द्रुतमार्गको काम गरिरहेको लोडर एक्कासी सिमान्त खोलामा खस्दा लोडरमा रहेका छ जनामध्ये तीन जनाको मृत्यु भएको जिल्लाका प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक टेकबहादुर कार्कीले जानकारी दिए।

काठमाडौं जोड्ने द्रुतमार्गअर्न्तगत मकवानपुरको बकैया गाउँपालिकाको-११ घटेपाख र लेनडाँढा नजिक लोडर दुर्घटना हुँदा तीनको घटनास्थलमा मृत्यु भएको बताइएको छ। मृतक तीन सो द्रुत मार्गमा काम गर्ने चिनियाँ नागरिक रहेको प्रवक्ता कार्कीले बताए। घाइतेको उद्धार गरी हेटौंडा ल्याएको र उपचार भइरहेको बताइएको छ।

# नक्कली भ्याट बिल बनाएर राजस्व छली

**काठमाडौं/मस-** राजस्व अनुसन्धान विभागले दुई व्यावसायिक फर्मविरुद्ध उच्च अदालत पाटनमा मुद्दा दायर गरेको छ। भक्तपुर सूर्यविनायक-१० देउजागाउँ स्थायी बसोबास भएका एभरेष्ट यति इन्टरनेशनलका सञ्चालक दीपकुमार देउजा र अचला थापा देउजाविरुद्ध सोमबार उच्च अदालतमा मुद्दा दायर गरिएको विभागले जनाएको छ। उनीहरुले गलत तरिकाले मूल्य अभिवृद्धि कर (भ्याट बिल) खरिद गरी राजश्व चुहावट गरेको विभागले दागर अभियोगपत्रमा उल्लेख गरिएको छ।

राजश्व चुहावट गर्ने मनसायले जालसाजीयुक्त नक्कली तथा झुठा मूल्य अभिवृद्धि कर विजक खरिद गरी वित्तीय विवरण तथा आय विवरण तयार पारी प्रचलित आयकर ऐन तथा मूल्य अभिवृद्धि कर ऐन तथा नियमबमोजिम तिर्नुपर्ने कर नतिरी राजश्व चुहावट गरेको पाइएको छ।

विभागले नौ करोड ६७ लाख ३२ हजार ५६० बराबरको बदमासी गरेको पाइएको भन्दै सोहीअनुसारको माग दाबी गरेको छ। मूल्य अभिवृद्धि करतर्फ तीन करोड ४० लाख १८ हजार र आयकरतर्फ छ करोड २७ लाख १४ हजार ५६० रुपैयाँ बराबरको बदमासी गरेको पाइएको छ। विभागले बिगोको दोब्बर बराबरले हुन आउने १९ करोड ३४ लाख ६५ हजार १२० बराबर असुल गरी कैद सजायकोसमेत माग गरेको छ।

# विदेशी पर्यटकको संख्या बढ्यो




**काठमाडौं/मस-** पछिल्ला दिनमा पर्यटन क्षेत्र चालयमान बनेको छ भने पर्यटकीय गतिविधि पनि बढिरहेका छन्।

सन् २०२२ को सुरुवाती चरणदेखि विदेशी पर्यटक आगमनदर निरन्तर उकालो लागिरहेको छ। नेपाल पर्यटन बोर्डका अनुसार अप्रिल महिनामा मात्रै ५८ हजार ३४८ विदेशी पर्यटक नेपाल भित्रिएका छन्। जुन अघिल्लो वर्षको सोही महिनाको तुलनामा १६० प्रतिशतले वृद्धि हो। अप्रिल महिनामा ५२ हजार ६६३ बाहिरिएका छन्। सन् २०२१ को अप्रिल महिनामा २२ हजार ४५० पर्यटकले नेपाल भ्रमण गरेका थिए।

सन् २०१९ को तुलनामा पर्यटक आगमनदर आधाभन्दा बढीको अवस्थामा आइपुगेको बोर्डको विश्लेषण छ। गत वर्षकोभन्दा पर्यटक वृद्धिदर यो वर्ष १६० प्रतिशतले वृद्धि भएको बोर्डका निर्देशक मणि लामिछानेले बताए। उक्त वर्षको अप्रिल महिनामा एक लाख ९ हजार २९९ पर्यटक आएका थिए। 'यो वर्ष पर्यटक आगमनदर निरन्तर बढिरहेको छ। पर्यटक वृद्धिदर हेर्नेहो भने अप्रिल महिनासम्म ५३ प्रतिशतमा आइसकियो। अघिल्लो महिना ४५ प्रतिशत वृद्धिदर थियो', लामिछानेले भने।

अघिल्लो मार्च महिनामा कूल ४२ हजार ६ जना पर्यटक नेपाल भित्रिएका थिए। जनवरीमा १६ हजार ९७५ र फेब्रुअरीमा १९ हजार ७६६ विदेशी पर्यटक नेपाल भित्रिएका हुन्। बोर्डको अन्तर्राष्ट्रिय स्रोत बजारमा रणनीतिक बजारीकरण तथा व्यवसायीको कडा मेहनत र लगनशीलताका कारण पर्यटक आवागमन निरन्तर बढिरहेको निर्देशक लामिछानेले बताए।

# तीन अवैध क्रसर बन्द



**महेन्द्रनगर/मस-** कञ्चनपुरमा सञ्चालनमा रहेका तीन क्रसर बन्द गरिएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयका प्रमुख रामबहादुर कुरुवाङ्गले अख्तियारमा सोसम्बन्धी उजुरी परेपछि थप अनुसन्धान र कारबाही प्रक्रिया अघि बढाउन जिल्ला प्रशासन कार्यालय कञ्चनपुरलाई पत्राचार गरेको बताए।

'हामी कहाँ उजुरी परेपछि प्रमुख जिल्ला अधिकारी समक्ष्य उक्त विषय अगाडि बढाउन भनेका थियौं'अख्तियार प्रमुख कुरुवाङ्गले भने, 'जिल्ला अनुगमन समितिको निर्णयपछि तीन क्रसर बन्द गरिएका हुन्।' अख्तियारका अनुसार सोमबार बेदकोट नगरपालिकामा निर्माण सामग्री केन्द्र, दोधारा चाँदनीमा रहेको बासुलिङ्ग कन्सट्रक्सन र कृष्णपुरमा रहेको गौरव बिल्डर्सले सञ्चालन गरेको गैरकानुनी रुपमा सञ्चालित क्रसर बन्द गरिएका हुन्।

कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी रामप्रसाद पाण्डेले जिल्ला समन्वय समितिका संयोजकको अध्यक्षतामा रहेको जिल्ला अनुगमन समितिले स्थलगत अनुगमनपछि तीन वटा क्रसर बन्द गर्ने निर्णय गरेको जानकारी दिए।

'सडक आयोजनाका नाम क्रसर राख्ने, बालुवा धुन भन्ने तर गिट्टी अरु प्रयोजनमा लग्ने गरेको पनि देखियो', उनले भने, 'आयोजनाका नाममा क्रसर राख्न पाउने प्रावधान रहेपनि दुरुपयोग भएको देखियो।' अनुगमन समितिले क्रसर राखिएका पालिका र आन्तरिक राजस्व कार्यालयलाई थप कारबाहीका लागि प्रक्रियाअघि बढाउन भनिएको उनको भनाइ थियो।

**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

**दोस्रो पटक प्रकाशित मितिः २०७९/०१/२०**

**विसन सप्लायर्स प्रा.लि.**को मिति २०७८/१२/११ गतेमा सम्पन्न विशेष साधारण सभाको बैठकको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **अल्टरनेटिभ ईलेक्ट्रिक प्रा.लि. (प्रा. लि. नं.: ११५७४३)**, कायम गर्ने गरी मिति २०७८/१२/२३ गते श्री कम्पनी रजिष्ट्रार को कार्यालयबाट स्वीकृती प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

## निर्भय...

बिस्फोट नै गराए। २०७२ सालमा संघीय लोकतान्त्रिक संविधान जारी भयो। संविधान अनुसार २०७४ सालको चुनाव पनि भय रहित हुन सकेन। त्यसबेला पनि विप्लव नेतृत्वको पार्टीले बिभिन्न ठाउँमा सुरक्षामा थ्रेट दियो भने मधेश केन्द्रीत दलहरु पनि चुनावका लागि तयार नहुँदा समस्या भयो।

संविधानप्रति असन्तुष्टि राख्दै मधेश केन्द्रित दलहरुले चुनावमा भय देखाए। उनीहरुको असन्तुष्टिलाई सम्बोधन गर्न स्थानीय तहको चुनाव पनि तीन पटक भयो। चुनावी प्रचारमा पनि गोली चल्ने देखि अनेकन सुरक्षा थ्रेट कायमै रह्यो।

तर, संविधान अनुसार दोस्रो पटक हुन लागेको स्थानीय तहको चुनाव भने शान्तिपुर्ण रुपमा हुँदैछ। यसलाई निर्भय लोकतन्त्रको संज्ञा दिन्छन्, राजनीतिक विश्लेषक लोकराज बराल।

'सिके राउत पनि शान्तिपुर्ण राजनीतिमा आएर चुनाव लड्दैछन्। विप्लव नेतृत्वको पार्टीले पनि चुनावको उपयोग गर्ने नीति लियो' उनले भने। विश्लेषक बराल थप्छन्, 'अनेक विकृतिमाथि प्रश्न गर्ने ठाउँ छन्। तर, कस्तो हुन्छ निभर्य लोकतन्त्र भन्ने उदाहरण नेपालले अर्न्तराष्ट्रिय समुदायसमक्ष प्रस्तुत गरेको छ।'

## नेतृत्व...

त्यसबेला सरकारले हुँदै नभएको दरबन्दी सिर्जना गरेर एआइजी बढुवा गरिएको थियो भने रिक्त दरबन्दीमा रोलक्रम मिचेर डीआइजी बढुवामा परेका थिए।

तर आइतवारको मन्त्रिपरिषद् बैठकले भने सिंहलाई आइजी नियुक्त गरेको छ। सरकारको यो निर्णयले आफूमाथि अन्याय भएको एआइजी पोखरेलले उल्लेख गरेका छन्। जबकी त्यसबेला नेकपा एमाले नेतृत्वको सरकारले पोखरेललाई च्यापेको आरोप लागेको थियो। प्रधानमन्त्री शेरबहादुर देउवाले फेरि पोखरेललाई नभएर सिंहलाई आइजी नियुक्त गरेका छन्।

एमाले र सत्ता गठबन्धन नेतृत्व सरकारले गरेको यो असंगतिपूर्ण निर्णयकै कारण प्रहरी नेतृत्व भने विवादित बन्न पुगेको छ। यसअघि पनि राजनीतिक नेतृत्वको संरक्षणमा प्रहरी प्रमुख बन्ने गरेको आरोप लाग्दै आएको थियो। यसपटक पनि सरकारको निर्णय सर्वोच्च अदालत पुगेको छ।

## आयोगको...

'यू आर नाइस लेडी तर थुतुनो राम्रो भएन' भनेका थिए। आयोगले यही विषयमा आयोगलाई स्पष्टीकरण सोधेको हो। आयोगका अनुसार उक्त अभिव्यक्ति 'तपाईंले यस्तो भन्नुभएको हो कि होइन ? भनेको भए आचारसंहिता विपरीत भयो कि भएन ?' भन्ने प्रश्नको स्पष्टीकरण दिन भनेर स्थापितलाई पत्र पठाइएको छ।

४५ संस्थासँग जवाफ माग

आयोगले केशव स्थापितमाथि प्रश्न उठाएर निकालिएको विज्ञप्तीप्रति जवाफ माग गरेको छ। केही दिन अघि एउटा कलेजमा भएको कार्यक्रममा स्थापितले महिलाप्रति निकृष्ट शब्द प्रयोग गरेको भन्दै ४५ वटा संघसंस्थाले संयुक्त रुपमा विज्ञप्ति निकालेर उम्मेदवारी रद्ध गर्न माग गरेका थिए।

'महिलाका विषयमा बोलिएको विषयलाई लिएर कारबाहीको भाग गरिएको भनिएको छ। कारबाहीको माग गर्दा प्रयोग गरिएका शब्दहरु आफैंमा आचारसंहिता विपरित भएको भनी सूचना परेपछि ३ दिन भित्र लिखित जवाफ पेश गर्न भनिएको छ' आयोगका एक आयुक्तले भने। आयोगले लिखित जवाफ माग गरेका ४५ संस्थामा महिला पुर्नस्थापना केन्द्र (ओरेक) लगायतका संघसंस्थाहरु छन्।

३५३ निर्विरोध निर्वाचित

आयोगका अनुसार स्थानीय तह निर्वाचनमा ३५३ उम्मेदवार निर्विरोध निर्वाचित भएका छन्। १ सय ७० पदमा दलित महिला सदस्य पनि निर्वाचित भएका छन्। १ सय ७० दलित महिला सदस्य पदमा मनोनयन नै दर्ता भएको छैन।

### स्थानीय तह निर्वाचन

# तीन घेराको सुरक्षा, दुई लाख ६८ हजार सुरक्षाकर्मी




**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, १९ वैशाख

यहि वैशाख ३० गते हुने स्थानीय तहको निर्वाचनको तयारी अन्तिम चरणमा पुगेको छ । निर्वाचनको सबैभन्दा महत्वपूर्ण मानिएको सुरक्षाको प्रबन्धका लागि गृहमन्त्रालयको अग्रसरतामा चारवटै सुरक्षा निकाय परिचालित भइसकेका छन् ।

सुरक्षा व्यवस्थापनका लागि निर्वाचन आयोगले निर्वाचन सुरक्षा (व्यवस्थापन) निर्देशिका २०७८ लागू गरेको छ । निर्वाचनका लागि म्यादी प्रहरीसहित दुई लाख ६८ हजार सुरक्षाकर्मी परिचालित हुनेछन् ।

गृहमन्त्रालयका अनुसार जसमा सुरक्षा संयन्त्रको नेतृत्व नेपाल प्रहरीले गर्नेछ भने सशस्त्र प्रहरी बल र नेपाली सेनाले सहयोग गर्नेछन् । मन्त्रालयका अनुसार नेपाल प्रहरीबाट ६५ हजार, सशस्त्र प्रहरीबाट ३२ हजार जनशक्ति र नेपाली सेनाका ७१ हजार जनशक्ति निर्वाचनमा खटिने छन् । चुनावी सुरक्षाका लागि देशभर एक लाख म्यादी प्रहरी भर्ती गरेर परिचालन गरिसकिएको छ ।

राष्ट्रिय अनुसन्धान विभागबाट पनि सुरक्षाकर्मी परिचालित हुनेछन् । सबै सुरक्षा निकायको सहभागिता रहने गरी एकीकृत र छुट्टाछुट्टै सुरक्षा योजना बनाइएको गृह मन्त्रालयले जनाएको छ ।

**तीन घेरामा सुरक्षाकर्मी**

मतदान केन्द्रको सुरक्षाका लागि तीन घेरामा सुरक्षाकर्मी रहने गृहमन्त्रालयले जनाएको छ । मतदान सामग्रीहरु मतपेटिका, मतपत्र, मतदानमा खटिएका कर्मचारीको सुरक्षाका लागि पहिलो घेरामा नेपाल प्रहरी हुनेछ भने प्रहरीलाई म्यादी प्रहरीले सहयोग गर्नेछन् । यस्तै म्यादी प्रहरीको जिम्मेवारी मान्छेको अनावश्यक भीड नियन्त्रण गर्ने, मतदाताको लाइन मिलाउने र अन्य सानातिना व्यवस्थापकीय काम हुने जनाइएको छ । दोस्रो घेरामा सशस्त्र प्रहरी हुनेछ भने तेस्रो घेरामा सेना परिचालन गर्ने तयारी गरिएको छ । सशस्त्र प्रहरीले मोबाइल गस्ती गर्ने, जिल्ला निर्वाचन कार्यालय, मुख्य निर्वाचन अधिकृत, निर्वाचन अधिकृत र उम्मेदवारको सुरक्षामा ध्यान दिनेछ ।

सात सय ५३ स्थानीय तहमा रहेका १० हजार ७५६ मतदान केन्द्रमध्ये गृहमन्त्रालयले जिल्ला गत रिपोटका आधारमा तयार पारेको विवरणअनुसार २ हजार ९४६ वटालाई संवेदनशील सूचीमा राखिएका छन् । ४ हजार ४२३ वटा संवेदनशील र ३ हजार ३७८ वटा सामान्य मतदानस्थलको रुपमा वर्गीकरण गरिएको छ ।

मन्त्रालयले सबैभन्दा बढी चुनावी संवेदनशीलता मधेस प्रदेशमा रहेको औंल्याएको छ । मधेसपछि लुम्बिनी प्रदेश, सुदूरपश्चिम र प्रदेश-१ लाई क्रमशः चुनौतीपूर्ण सुरक्षा स्थिति रहेको प्रदेशमा राखेको छ । यस्तै बागमती, कर्णाली र गण्डकी प्रदेशमा अति संवेदनशील मतदान केन्द्रहरुका रुपमा राखिएको छ ।

**निर्वाचन सुरक्षाबारे छलफल**

निर्वाचनको सुरक्षाबारे सोमबार छलफल भएको छ । गृहमन्त्री बालकृष्ण खाणको अध्यक्षतामा सोमबार बसेको केन्द्रीय सुरक्षा समितिको बैठकमा निर्वाचन सुरक्षाबारे छलफल भएको हो ।

बैठकमा यही वैशाख ३० मा हुन लागेको निर्वाचनको सुरक्षा प्रबन्धका लागि अहिलेसम्म भए गरेका कामको समीक्षा र आगामी योजनाबारे छलफल भएको गृह मन्त्रालयका प्रवक्ता फणिन्द्रमणि पोखरेलले जानकारी दिए ।

बैठकमा निर्वाचनको प्रचारप्रसारका क्रममा हुन सक्ने घटनालाई मध्यनजर गर्दै त्यस्ता घटना हुन नदिनका लागि गम्भीरतापूर्वक लाग्नुपर्नेमा जोड दिइएको छ ।

बैठकमा मन्त्री खाणले अहिलेसम्म निर्वाचन सुरक्षाका लागि भए गरेका काम प्रशंसायोग्य रहेको भन्दै स्थानीय निर्वाचन शान्तिपूर्ण तरिकाले स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न गर्न मिलाउनुपर्ने सुरक्षा प्रबन्धमा कुनै कसुर बाँकी नराख्न सुरक्षा निकायका प्रमुखहरूलाई निर्देशन दिए ।

उनले निर्वाचनमा आकस्मिकरूपमा र योजनाबद्ध झडपहरू पनि हुन सक्ने भन्दै त्यस विषयमा सचेत रहन र झडपबारे सूचना पाउने बित्तिकै सुरक्षा निकायले एक अर्काबीच समन्वयमा अगाडि बढ्न निर्देशन दिए । बैठकमा सोमबार मात्रै पदबहाली गरेका नेपाल प्रहरीका महानिरीक्षक धीरजप्रताप सिंह र सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्याललाई समितिको नयाँ सदस्यका रूपमा स्वागत गरिएको थियो । बैठकमा गृह सचिव टेकनारायण पाण्डे, निमित्त रक्षासचिव यज्ञप्रसाद ढुङ्गेल, नेपाली सेनाका रथी बालकृष्ण कार्की, प्रहरी महानिरीक्षक सिंह, सशस्त्र प्रहरी महानिरीक्षक अर्याल, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख यदुलाल खरेलको सहभागिता थियो ।

# इद उल फित्र मनाइँदै, सार्वजनिक विदा



**काठमाडौं/मस-** इस्लाम धर्मावलम्बीहरुले आज इद उल फित्र विशेष रूपमा मनाउँदैछन् ।

इद उल फित्र कै अवसरमा प्रधानमन्त्री शेरबहादुर देउवा, राष्ट्रपति विद्यादेवी भण्डारीलगायत अन्य दलका नेताहरुले शुभकामना दिएका छन् ।

यसैबीच सरकारले इस्लाम समुदायको पर्व इदको अवसरमा आज सार्वजनिक बिदासमेत दिएको छ ।

नेपाल राजपत्रमा गत फागुन २६ गते प्रकाशित सूचनाअनुसार इस्लाम धर्मावलम्वीको पर्व इद (इद उल फित्र)का दिन सार्वजनिक बिदा दिने व्यवस्था भएबमोजिम आज बिदा कायम भएको गृहमन्त्रालयद्वारा प्रकाशित सूचनामा उल्लेख छ ।

# राहुल गान्धी काठमाडौंमा

**काठमाडौं/मस-** भारतीय कंग्रेस आईका नेता राहुल गान्धी नेपाल आएका छन् । वैवाहिक कार्यक्रममा सहभागी हुन उनी नेपाल आएका हुन् । गान्धी सोमबार अपरान्ह ४:१० बजे त्रिभुवन विमानस्थलमा उत्रेका हुन् ।



गान्धी आफ्नी नेपाली साथी सुम्निमा उदासको विवाहमा सहभागी हुन नेपाल आएका हुन् । ।

पूर्वनेपाली राजदूत भीम उदासकी पुत्री सुम्निमाको विवाह आउँदो मंगलबार काठमाडौंमा हुँदैछ । निमा मार्टिन शेर्पासँग उनको विवाह हुन लागेको हो ।

सुम्निमा अमेरिकी समाचार संस्था सिएनएनकी पूर्वपत्रकार हुन् ।

गान्धीका साथमा अन्य तीनजना भारतीय पनि छन् । उनी नक्सालस्थित होटल मेरियटमा बसिरहेका छन् । यसअघि सन् २०१८ मा गान्धी चीनको मानवसरोवर जाने क्रममा नेपाल पनि पसेका थिए ।

# बाँकेमा मादक पदार्थ सेवन गरी सवारी चलाउने बढे

**गणेश रावत/मध्यान्ह**
कोहलपुर, १९ वैशाख

बाँकेमा पछिल्लो केहि दिनयता मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउनेको संख्या बढ्दै गएको पाइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका अनुसार १० दिनको बीचमा बाँकेमा २ सय ६७ जनालाई कारबाही गरिएको छ ।

प्रहरीका अनुसार गत वैशाख ५ देखि १४ गतेसम्म मापसे गरेर सवारीसाधन चलाउने २ सय ६७ जना कारबाही गरिएको हो ।

पछिल्लो समय मापसे गरेर ट्राफिक नियम उल्लंघन गर्ने क्रम बढेकाले चेकिङमा कडाई गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका प्रमुख हिमालय शाहले मध्यान्हलाई जानकारी दिए ।

उनका अनुसार गत साउनमा तीन जना मापसे कारबाहीमा परेका थिए । यस्तै, साउनदेखि फागुनसम्म ५१ जनालाई कारबाही गरिएको छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बाँकेका अनुसार चैत महिनामा कुल ५३ जना मापसे कारबाहीमा परेका थिए । तर, वैशाख महिनामा ५ गतेदेखि १४ गतेसम्म २ सय ६७ जना मापसे कारबाहीमा परे । दिनभरी राजनीतिक दलको चुनावी प्रचारप्रसारमा हिड्ने र साँझ परेपछि मापसे गरेर सवारीसाधन चलाउँनेको संख्या बढेको प्रहरीको अनुमान छ ।

# युवक हत्या आरोपमा पक्राउ

**काठमाडौं/मस-** प्रहरीले युवकको हत्या आरोपमा एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सिन्धुलीको दुधौली नगरपालिका-१ डकाहाका २६ वर्षीय प्रकाश तिमिल्सिना रहेका छन् । उनलाई गोरखाको चुमनुब्री गाउँपालिका-३ बाट पक्राउ गरिएको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ । काठमाडौंको स्वयम्भूस्थित भगवान् पाउ नजिक नरेश कुमार गौतमको हत्या आरोपमा उनलाई पक्राउ गरिएको हो । ललितपुरको महालक्ष्मी नगरपालिका-८ लुभु घर भएका २८ वर्षीय गौतमको वैशाख २ गते शव भेटिएको थियो । ३ जना मिलेर लुटपाट पश्चात उनको हत्या गरेको प्रहरीको अनुसन्धानबाट खुलेको छ । हत्यामा संलग्न अर्का एक जनालाई प्रहरी वृत स्वयम्भूले यसअघि नै पक्राउ गरिसकेको छ । हत्या आरोपी अर्का एक जना भने जना फरार रहेका र खोजीकार्य भइरहेको उपत्यका अपराध अनुसन्धान कार्यालयले जनाएको छ ।



**Kalika Rural Municipality**
**Office of The Municipal Executive**
**Dhaibung, Rasuwa**
**Bagmati Province, Nepal**

**Invitation for Bid**

**Date of First Publication: 03-05-2022**

1. The Kalika Rural Municipality invites E-bid from eligible bidder's for following works under National Competitive Bidding (NCB) ,Single Stage one Envelope System Bidding Procedure. Bidder's may obtain further information from the PPMO Web Portal www.bolpatra.gov.np/egp, or at the office of Kalika Rural Municipality, Dhaibung, Rasuwa.

| Contract ID | Name of Project | Bid Security Amount (NRS) | Bid Document Fee (Non-Refundable) | Average Annual Construction turnover for best 3 years within Last 3 years |
|---|---|---|---|---|
| KRM/NCB/GW/P-EB-ICPU-WB-L/2078-079/1 | Procurement of Projector, Electric Bell, Integrated CPU with Projector and In Built interactive, Interactive White Board and Laptops | Rs.50,000 | Rs.3,000 | 11,00,000 |

2. The Employer reservers the right to accept or reject ,wholly or partly any or all bids without assigning any reason, whatoever.

**Chief Administrative officer**

**Karnali Province Government**
**Ministry of Physical Infrastructure & Urban Development**
**Infrastructure Development Directorate**
Birendranagar, Surkhet

**Letter of Intent**

**Date of Publication: 2079/01/20 (3rd May, 2022)**

This is to notify (as per section 27(2) of Public Procurement Act 2063) to all concerned bidders, successful in bid under PPMO's E-Procurement portal, IFB No: 09-2078/079 published in National Daily Newspaper on 2078/12/10 that the "Letter of Intent" has been issued in favors of following bidders who are selected on financial bid having substantially responsive lowest evaluated bid price.

| S.N | Contract Identification Number/Work Description | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|
| 1 | IDD/SKT/W/NCB/66/078-079, Construction of Main Road of Srijanshil Tole Birendranagar-03, Surkhet. | MS Jagadish nirman Sewa, Kalikot | 35,91,926.48 |
| 2 | IDD/SKT/W/NCB/67/078-079, Upgrading of Approach Road of Kharkholi Bridge, Surkhet. | MS Gokarneshwor Baba Construction & Suppliers, Kathmandu | 39,22,928.34 |
| 3 | IDD/SKT/W/NCB/68/078-079, Construction of Chhimeki Tole, Suryakeshwar ko Ghardekhi Purba road, Samajsudhar Tole Ward no 7 & Laxmi Hall to New Road Road 6, Surkhet | MS Shree Deuti Construction, Surkhet | 39,38,464.34 |
| 4 | IDD/SKT/W/NCB/69/078-079, Construction of Koldanda Ma.Vi. Khanepani Boring , Birendranagar-2,Surkhet | MS Shree Deuti Construction, Surkhet | 16,65,848.08 |
| 5 | IDD/SKT/W/NCB/70/078-079, Construction of Ratanarajamarga dekhi Eakatanagar tole kaloparte sadak | MS Swornim Nirman Sewa, Surkhet | 26,10,234.62 |

**Director**

**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै वारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ । यदि तपाईं पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् । यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगरौं ।

Hotel Training
Diploma 1750
Hrs Rs 160,000
F&B Service,
Production, HK,
Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training
GET TRAINED
&
DEVELOPE YOUR PERSONALITY




तालिमपछि रोजगारको ग्यारेन्टी

Best in the KTM VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL
HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२० वैशाख २०७९, मंगलबार
3 May 2022, Tuesday

## सम्पादकीय

# अति राजनीतिकरणको असर

धिरजप्रताप सिंह नेपाल प्रहरीको आइजी नियुक्त भएपछि एआईजी विश्वराज पोखरेलले सर्वोच्च अदालतमा रिट दायर गरेका छन् । नेपाल सरकारले आइतबार सिंहलाई आइजी नियुक्त गर्ने निर्णय गरेको थियो । एआईजी पोखरेल पनि नेपाल प्रहरीको नेतृत्व दौडमा थिए । तर मन्त्रिपरिषद् बैठकले सिंहलाई आइजी नियुक्त गर्ने निर्णय गरेपछि एआइजी पोखरेल सर्वोच्च गएका हुन् । उनले सरकारको निर्णय खारेजीको मागदावी गरेका छन् । पोखरेलले सिंह नभएर आफू वरिष्ठ भएकाले नेपाल प्रहरीको महानिरीक्षक नियुक्त गरिनुपर्ने माग गरेका छन् । पोखरेलले सबै हिसाबले आफू वरिष्ठ र योग्य भएको दावी गरेका छन् । नेपाल प्रहरीमा देखिएको समस्या यसपटक मात्रै होइन । यसअघि पनि आइजी नियुक्त गर्ने सरकारको निर्णय विवादित बन्ने गरेको छ ।


यसो पनि भन्न सकिन्छ, नेपाल प्रहरीको आइजी नियुक्ति सधैं विवादित बन्न थालेको छ । त्यसको कारण भने राजनीतिकरण हो । एआइजी पोखरेल यसअघि बढुवा गरिदा पनि यस्तै आरोप लागेको थियो । अहिले पीडित बनेर सर्वोच्च पुगेका पोखरेलको बढुवामा अन्य वरिष्ठ प्रहरी अधिकारीहरू असन्तुष्ट देखिएका थिए । पूर्ववर्ती सरकारले एआइजी पोखरेललाई वरिष्ठ बिपरीत र दरबन्दी नै नहुँदा पनि बढुवा गरेको टिप्पणी भएको थियो । प्रहरीको नेतृत्वकै रूपमा उनलाई एमाले सरकारले अगाडि बढाएको रूपमा हेरिएको थियो । तर एमाले सरकार टिक्न सकेन । गठबन्धन सरकारले पोखरेलको साटो आइजीमा सिंहलाई नियुक्त गरेको छ ।

त्यसअघि पनि प्रहरीको नेतृत्व चयनप्रति असन्तुष्टि देखिने र सर्वोच्चमा रिट दायर हुने गरेको छ । कतिपय असन्तुष्ट अहिले राजनीतिमा सामेल छन् । ललितपुरबाट प्रतिनिधिसभा सदस्य रहेका नबराज सिलवाल पनि तत्कालीन सरकारको निर्णयप्रति असन्तुष्टि बनेर राजनीतिमा लागेका थिए । रमेश खरेलको असन्तुष्टि पनि त्यस्तै थियो । यी सबै समस्याको कारण भने राजनीतिक पूर्वाग्रह वा प्रहरीलाई राजनीतिकरण गर्ने प्रयत्न नै हो । जबकी प्रहरी मुलुकको अर्धन्यायिक निकाय हो । संविधान कार्यान्वयन र न्याय सम्पादनको अग्रभागमा प्रहरी रहन्छ । शान्ति सुरक्षाको मूल जिम्मेवारी पनि प्रहरीकै हो । तर तिनै प्रहरीमा अन्याय भएको भन्दै सर्वोच्च पुग्नु र त्यसको पछाडि भने राजनीतिकरण प्रमुख कारण हुनु मुलुक र संविधानका निम्ति उचित होइन । सरकारले गर्ने निर्णय र प्रहरीको नेतृत्व दौडमा रहेकाले आवश्यक, न्यायसम्मत र उचित निर्णय लिन जरूरी छ ।

# जनताका मुद्दा र चुनाव

*कृषि, पशुपालन, वनजन्य उत्पादन, औद्यौगिक क्षेत्र, भूमि व्यवस्थापन, गरीबी निवारण, यातायात प्रणालीलगायतका क्षेत्रमा राजनीतिक नेतृत्वबाट कम्तिमा न्यूनतम योजना, कार्यान्वयन गर्न, गराउन अनिवार्य अग्रसर हुनु अति आवश्यक हुन्छ । अन्यथा चुनाव जनताका लागि मुख्य चासो र हितका पक्षमा हुने छैन ।*

**अग्रलेख**



● ईश्वरीप्रसाद पोखरेल

राजनीतिक दलहरूले निर्वाचनमा स्पष्ट प्रतिवद्धता र कार्यान्वयनका योजना दिन सक्नु पर्दछ । उनीहरूले धर्म र मर्मअनुसार आफ्ना एजेण्डालाई अगाडि सानुपर्दछ । तर, नेपाली राजनीतिक दलहरूको दर्शन र नेतृत्व शैली तथा मार्गको गतिविधि कता हिँडिरहेको छ ? स्पष्ट हुन सकिन्न । मुलुकले धान्नै नसक्ने जनप्रतिनिधिहरूको बाहुल्यता र जी हजुरी र दासतामा रमाएको, सिर्जनशीलता हराएको कर्मचारीतन्त्रको बोझले मुलुकमा सुशासनको सपना देख्नु मुर्खता जस्तै भइरहेको छ । पछिल्लो समय राजनीतिका नाममा जितनीति र शासननीतिको नारा मात्रै मौलाएको छ । अहिले राजनीति आफन्तवाद, कृपावाद, डनवाद जस्ता नीतिमा केन्द्रीत देखिन्छ । जसको कारण नेतृत्वले शासकीय अवसर र कार्यको कुनै समीक्षा नगरी जनताले मत दिनु पर्दछ भन्ने अर्घेल्याइ गरिरहेका छन् ।

अहिले समग्र राजनीति नै पेसा तथा व्यवसाय जस्तो भएको छ । सेवा तथा त्यागको राजनीतिक दर्शनमा अहिले पुरै भुत्ते बन्न पुगेको छ । जनमुखी र सेवामुखी हुनुपर्ने राजनीति कमाउमुखी र मालिकभावमुखी भएको हुँदा जनतामा राजनीतिप्रति निकै नै वितृष्ण देखिन्छ । यसर्थ यी सबै सकारात्मक तथा नकारात्मक पक्षका विषयमा आम बहस र विश्लेषण हुन जरूरी छ । तर, नेपाली राजनीतिक पार्टीहरू भित्र त्यस्तो सोंच र शैलीको विकास हुन सकेको छैन ।

नेपालको कृषि तथा आर्थिक गतिविधि आत्मनिर्भरताबाट परनिर्भरमुखी हुँदै आन्तरिक रूपमा ध्वस्त बनाइएको छ । मुलुकमा देखिएको पछिल्लो आर्थिक संकटको कारण पनि परनिर्भर आर्थिक संरचना हो । तर बिडम्बना, मुलुकका जिम्मेवार राजनीतिक दलहरू यस मुद्दामा भने मौन देखिन्छन् । देश निर्वाचनमय भइरहँदा र दलहरुले आ-आफ्ना घोषणापत्र सार्वजनिक गर्दै गर्दा मुलुकलाई आर्थिक रुपमा आत्मनिर्भर कसरी बनाउने भन्ने खाका स्पष्ट पार्न सकेको देखिएन । यसर्थ, आगामी स्थानीय तह, प्रदेश तह र संघीय निर्वाचनमा कृषि, पशुपालन, वनजन्य उत्पादन, औद्यौगिक क्षेत्र, भूमि व्यवस्थापन, गरीबी निवारण, यातायात प्रणालीलगायतका क्षेत्रमा तपसिलका वाचा पूरा गर्ने कम्तिमा न्यूनतम योजना, कार्यान्वयन गर्न, गराउन अनिवार्य अग्रसर हुनु अति आवश्यक हुन्छ । अन्यथा चुनाव जनताका लागि मुख्य चासो र हितका पक्षमा हुने छैन ।

### कृषि क्षेत्रमा कस्तो नीति ?

अहिले राज्यको मुख्य ध्यान आत्मनिर्भर अर्थतन्त्र बनाउनेतर्फ केन्द्रीत हुन आवश्यक छ । त्यसको लागि सबैभन्दा महत्वपूर्ण विषय कृषि क्षेत्रको व्यवसायीकरण तथा विकास हो । अहिले प्रत्येक पालिकाको सबै वडामा कृषि उपजभण्डारसहितका आधुनिक किसिमको हाट बजारको आवश्यकता देखिन्छ । सहकारीमार्फत कृषिजन्य वस्तुको उत्पादन, प्रशोधन, प्रवर्धन र बजारीकरण गर्ने नीति राज्यले लिनुपर्छ ।

सामूहिक खेती गर्ने कृषकलाई बीउ, मल र मेसिनको व्यवस्थापनका लागि सहुलियत उपलब्ध गराउने, सिञ्चाइलाई व्यवस्थित गर्न स्यालो ट्युबेल निःशुल्क उपलब्ध गराउने । बृहत सिञ्चाइ व्यवस्थापनका लागि एकीकृत सिञ्चाइ प्रणालीको विकास गर्ने खाका नेतृत्वबाट ल्याउन आवश्यक छ ।


त्यसैगरि, कृषि योग्य जमिनलाई बाँझो नराख्न अनुदान उपलब्ध गराई कृषिजन्य कार्यलाई प्रोत्साहित गर्नु अहिलेको आवश्यकता हो । मत्स्यपालन, माहुरी पालन, फल फूलका बगैंचा तथा विशिष्टीकृत क्षेत्रमा सामूहिक बगैंचा जस्ता कार्यलाई प्रोत्साहन गर्न राज्यबाट सहुलियत कर्जा व्यवस्था मिलाउन आवश्यक छ । त्यस्तै, अहिले कृषि विषयसँग सम्बन्धित अध्ययन अनुसन्धानलाई राज्यले व्यवस्थित रुपमा अगाडि बढाउन आवश्यक छ ।

### उद्योगको विकासका लागि कस्तो नीति ?

राज्यले आफ्नै उद्योगहरुको विकास गर्न आवश्यक छ । जसका लागि सबै पालिकाहरुमा पूर्वाधार विकास गरी सम्भव हुने क्षेत्रमा घरेलु, साना, मझौला र ठूला उद्योगहरु स्थापना गर्ने कार्यक्रम ल्याउनु पर्दछ । राष्ट्रिय उद्योगमा संलग्न पेसा व्यवसायीहरूको संरक्षण र प्रवर्धन हुने र गर्ने नीति लिनुपर्दछ । साथै, रैथाने संस्कृति, परम्परा र आय आर्जनका पेसा, व्यवसायको सुरक्षा, संरक्षण र प्रवर्धन गर्ने गरी आधुनिक उद्योग, व्यवसाय र उत्पादनमा जोड दिने नीति अहिलेको आवश्यकता हो । एक गाउँ, एक उत्पादन तथा उद्योगको नीति अहिलेको आवश्यकता हो । त्यस्तै, राज्यले दक्ष जनशक्तिको विकासमा पनि ध्यान दिनुपर्छ । सरकारी, सामुदायिक तथा निजी शैक्षिक संस्थासँग सहकार्य गरी उद्योगका लागि आवश्यक जनशक्तिउत्पादन गर्ने कार्यक्रम ल्याउनुपर्दछ ।

### वन तथा वातावरण क्षेत्रका प्राथमिकता के हुने ?

पर्यावरणीय वातावरणलाई सन्तुलित बनाउन तथा प्राकृतिक साधनस्रोतको उचित संरक्षण तथा विकास आजको आवश्यकता हो । सामुदायिक वन, साझेदारी वनलाई वैज्ञानिक ढंगमा संरक्षण तथा विकास गर्ने नीति राज्यले लिन आवश्यक छ । वनपैदावर, जडीबुटी र वातावरणलाई सहयोग पुग्ने निजी वन योजना अगाडि बढाइएमा यसलाई व्यवसायसँग सही ढंगबाट जोड्न सकिन्छ ।



*नेपालको आर्थिक संरचना आत्मनिर्भरताबाट परनिर्भरमुखी हुँदै आन्तरिक रूपमा ध्वस्त बनाइएको छ । मुलुकमा देखिएको पछिल्लो आर्थिक संकटको कारण पनि परनिर्भर आर्थिक संरचना हो । तर बिडम्बना, मुलुकका जिम्मेवार राजनीतिक नेतृत्व यस मुद्दामा भने मौन देखिन्छन् । देश निर्वाचनमय भइरहँदा र दलहरूले आ-आफ्ना घोषणापत्र सार्वजनिक गर्दै गर्दा मुलुकलाई आर्थिकरूपमा आत्मनिर्भर कसरी बनाउने भन्ने खाका स्पष्ट पार्न सकेको देखिएन ।*

अहिले वातावरण अनुकूल हुने गरी स्थानीय भूगोल र आवश्यकता अनुरूपका सार्वजनिक स्थल तथा वैयक्तिक जग्गाजमीनमा समेत वृक्षारोपण गर्न, गराउने नीति लिनुपर्दछ । सामुदायिक वन तथा साझेदारी वन व्यवस्थापनलाई वैज्ञानिक तथा पारदर्शी बनाएर वन हेरालुको व्यवस्था गरी संरक्षण गर्ने नीति लिनुपर्छ । जसबाट वनको संरक्षण मात्रै होइन, रोजगारी पनि सिर्जन हुन पुग्छ । वन क्षेत्रको संरक्षण गर्ने नीति मात्रै होइन उपयोगको नीति पनि अहिले आवश्यक छ । जसको निम्ति राज्यले दिर्घकालिन नीति अख्तियार गर्न आवश्यक छ । वन क्षेत्रको उचित विकासका लागि वनविज्ञको विकास पनि आजको आवश्यकता हो । जसका लागि राज्यले सरकारी, सामुदायिक तथा निजी क्षेत्रका शैक्षिक संस्थाहरुसँग सहकार्य गरी विज्ञहरु उत्पादन गर्ने नीति लिनुपर्छ ।

### भूमिव्यवस्थापन तथा भूउपयोग नीति कस्तो हुने ?

सरकारी क्षेत्र, पर्ती जग्गा र ऐलानी जग्गाको सुरक्षा गर्दै, उपयोग गर्ने नीति अहिलेको आवश्यकता हो । जग्गाको खण्डिकरण गर्ने परिपाटीलाई अन्त्य गर्न राज्यले उचित नीति व्यवस्था गर्नुपर्छ । एक गाउँ, एक उत्पादनमा सहभागी हुने र सबै जग्गालाई सामूहिक खेती र प्रणालीमा विकास गर्न जग्गा चक्लाबन्दीमा सहभागी हुनेलाई विशेष अनुदान तथा सहुलियत ऋणको व्यवस्था गर्न आवश्यक छ । घर आँगनको जग्गामा बहुउपयोगी कृषिजन्य खेतीपाती र तरकारी तथा फलफूलमा सबै जग्गाको सदुपयोग गरी उक्त उत्पादनमा आत्मनिर्भर हुने स्थानीय तहका घरपरिवारका कृषकलाई विशेष पुरस्कार तथा सम्मानको व्यवस्था गर्ने नीति लिन आवश्यक छ ।

त्यसैगरि जुनसुकै कारणले जग्गा बाँझो राख्ने र उत्पादन नगर्ने प्रवृत्ति निरुत्साहित गर्न स्थानीय तहले निर्धारण गरेको वार्षिक मूल्य प्राप्त गर्ने सर्तमा तोकिएको कम्पनी वा स्थानीय तहलाई तोकिएको अवधिसम्म जग्गा लिजमा दिने वा आफैंले जुनसुकै मूल्यमा उत्पादन गर्नै पर्ने नीतिलाई अख्तियार गर्नुपर्छ । आज एकातिर भूमि हुनेले प्रयोग नगर्ने र भूमिलाई उत्पादनसँग जोड्न खोज्नेसँग भूमि नहुने समस्या छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुका सर्तसहितको जग्गा उपलब्ध गराउने नीति राज्यले लिनुपर्छ । भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुका लागि सामूहिक अपार्टमेन्ट आवासको व्यवस्था गरी जग्गाजमिनलाई धेरै मात्रमा सुरक्षा गर्ने र कृषि उत्पादन जमिनको बचाव गर्ने नीति अगाडि सार्नुपर्छ ।

### फोहरमैला व्यवस्थापन गर्न कस्तो नीति ?

अहिले सबै जसो सहरी क्षेत्रमा फोहरमैला व्यवस्थाको विषय निकै जटिल बनिरहेको छ । फोहोरमैलाको दिगो व्यवस्थापनको निम्ति एकीकृत नीति अख्तियार गर्न आवश्यक छ । जसको लागि निकास हुने फोहरको पहिचान गरी सबै फोहरको वर्गीकरण गर्दै, उत्पत्ति थलोबाट विसर्जन स्थलसम्म आयार्जनसित जोडिने गरी एक वा एकभन्दा बढी पालिकाहरूको समन्वय, सहकार्य र सहभागितामा फोहर मैला व्यवस्थापन प्रशोधन केन्द्रहरू स्थापना गर्ने नीति राज्यले लिनुपर्छ । फोहर मैला व्यवस्थापन प्रशोधन केन्द्रहरूबाट ग्याँस, विद्युत, कृषि प्रांगारिक मल उत्पादनका क्षेत्रमा लगानी बढाउन र फोहरलाई मोहरमा रूपान्तरण गर्ने वैज्ञानिक विधिको थालनी अहिलेको आवश्यकता हो ।

### यातायात तथा सडक क्षेत्रसाग सम्बन्धीत नीति कस्तो हुने ?

सबै हिमाल, पहाड र तराई, मधेश क्षेत्रका पालिकाहरुको सदरमुकाम जोड्ने तथा पूर्वपश्चिम, उत्तर दक्षिणका लिंकरोड तथा नदी किनारका करिडोरहरूसँग एक-आपसमा आवद्ध सडकहरूको सञ्जाल तथा स्तरोन्नति गरी यातायातलाई सुविधायुक्त बनाउन सुरुङ मार्ग, रोपवे, हवाई मार्ग, रेल मार्ग र विविध विकल्पका साधनहरूको योजना राज्यले लिनुपर्छ । एक प्रदेश, जिल्ला तथा पालिका र तिनका सीमावर्ती अन्य प्रदेश, जिल्ला, स्थानीय तह पालिकाहरूलाई जोड्ने र चक्रपथ मार्गको विकास र निर्माणमा स्थानीय तहबीच समन्वयकारी भूमिका निर्वाह गर्न प्रयास थालौं ।

### सामाजिक सुरक्षाको विषयमा कस्तो नीति ?

अहिले सामाजिक सुरक्षाको विषयमा राज्यको नीति अस्पष्ट हुँदा समाजमा धेरै समस्याहरु सिर्जना भएका छन् । आज जेष्ठनागरिकको विषय जटिल बन्दै गएको छ । आर्थिक रुपमा कमजोर परिवारका बालबालिकाहरुको उचित विकास हुन सकेको छैन । जसको लागि सबै पालिकाहरू गाउँपालिकामा एक र नगर, उपमहानगरपालिकामा दुई वटासम्म मानव सेवा (वृद्धाश्रम) तथा सीप परीक्षण केन्द्र र शिशु स्याहार केन्द्रको व्यवस्था अहिलेको आवश्यकता हो ।

समाजका सन्तानविहिन, सन्तानबाट माया स्नेह पाउन नसकेका तथा अपहेलित र आर्थिक कमजोर वर्गका जेष्ठ नागरिकलाई वृद्धाश्रमको व्यवस्था गरी उचित आवास, खाजा, खाना, औषधोपचार र लत्ताकपडा समेतको व्यवस्था मिलाऔं । कार्यव्यस्तताका कारण घरपरिवारमा वृद्धवृद्धाहरूको उचित सेवासुविधा र स्याहार सुसार हुन नसकेका सन्तानहरुलाई सहयोग हुने उद्देश्यले प्रत्येक पालिकामा एक सशुल्क वृद्धाश्रम स्थापना गरी दिवा आवास, खाजा, खाना, औषधोपचार र लत्ताकपडा, मनोरञ्जन तथा सत्संगको समेत व्यवस्था र आउने जाने यातायात सुविधा दिने नीतिको व्यवस्था गरौं ।

त्यस्तै शारीरिक अपांगहरुलाई अपांगताको किसिम र वर्गीकरणका आधारमा क्षमता र आवश्यकता बमोजिमका ससाना सीप र दक्षताबाट उनीहरूलाई तयार पारी सामान्य जीवन यापनमा सहजीकरण गर्न पालिकाहरूलाई लगाऔं । अति विपन्नका लागि निःशुल्क शिशु स्याहार केन्द्रहरू सञ्चालनमा ल्याऔं ।

यी माथि उल्लेखित नीतिहरु राजनीतिक नेतृत्वले अगाडि बढाउन सके मुलुक छिट्टै विकास र समृद्धिको पथमा लम्किने विश्वास लिन सकिन्छ । राज्यको न्यूनतम दायित्वअन्तर्गतका उल्लेखित विषयलाई सम्बोधन गर्ने नेतृत्वको विकास अहिलेको आवश्यकता हो । आगामी स्थानीय तह, प्रदेश र संघको निर्वाचनबाट उल्लेखित नीतिप्रति बोध भएको नेतृत्वको विकासमा सबै नागरिकले पनि सहयोग गरौं ।

*(पोखरेल शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव हुन् ।)*

## सामाजिक सञ्जाल




- रामेश

तपाईंको पालिकाका निवर्तमान मेयर/अध्यक्ष र तिनका दलको काम ठीक लाग्छ ? हो भने तिनै व्यक्ति वा जित्ने दलले उठाएको अर्को उम्मेदवारलाई जिताउनु पऱ्यो, हैन भने फेर्नु पऱ्यो । अँ, संविधानमा पालिकाप्रमुखलाई हटाउने प्रावधान छैन र पाँचवर्षकालागि कुनै सनकी त्यहाँ नपुगोस् नि ! कुरो यत्ति हो ।



- विश्वरसिंह मेवाहाङ

आजकाल आस्थाको आधारमा भन्दा नास्ताको आधारमा भोट दिनेको संख्या धेरै छ । नेतालाई मात्र के गाली गर्नु ।



- रूपा खड्का

महिनावारीमा बिदा, गर्भावस्थामा बिदा ... बिदाको क्रम बढाएर सबै क्षेत्रमा महिलालाई बिदा गराउने नियतको रूपमा लिन्छु म ..यस्ता बकम्फुसे प्रतिवद्धता महिला मैत्री समाजको विपरित हो भनेर जनप्रतिनिधी ज्यूहरूले बुझिदिनपर्यो हजुर ।



- कमल भट्टराई

रातीका सपना,नेताका भाषण एउटै हुन ! सपनाले चरम आनन्द दिन्छ,भोट पाएपछी नेताले बिर्सन्छ।देश र देशबासीको कष्ट देखेर मन कौतुहल,किन बिग्रेरियो देशको हाल ! आयातित नस्लका कुकुर पालेर, भोटे कुकुर बिस्तापित गर्दैछन्, देश जनताको निम्ति कहाँ होर, निजी स्वार्थको निम्ति महिषासुरको छाती टेक्दैछन् ।



- राजु थापा

पाँचै बर्षमा मेट्रो र मोनोरेल काठमाडौंबाट पोखरा पुग्छ !
अर्को पाँच बर्षमा बेनी कुस्मा त कसो नपुग्ला !
हामी जनता पनि कडा छौं,
चुनावमा मात्रै चल्ने रेल चढ्छौं ।

# राजनीतिक नेतृत्वमाथि प्रश्न

*लोकतन्त्रका जनप्रतिनिधि कस्ता आइरहेका छन् ? देश र जनताप्रति उत्तरदायी छन् कि छैनन् ? यसको समीक्षा तथा एकै व्यक्ति निरन्तर जितेर आउने प्रक्रियाको अन्त गर्ने तथा सरकारमा आमजनताको सहभागिता बढाउने भावना राख्ने नै असली लोकतन्त्रको सोच हो । तर, यहाँ त लोकतन्त्रको विपरित परिभाषा गरेर विकृत लोकतन्त्रको स्वरूप देखाएर जनतामा विद्रोहको भावना विकास गराउने काम भइरहेको छ ।*

**विचार**



● उपेन्द्र झा

सामाजिक आमूल परिवर्तनको मूल बाटो राजनीति नै हो । समसामयिक परिवर्तनलाई आत्मसात गर्दै देश र जनताको बृहत्तर स्थितिमा विकास गर्न राजनीतिको भूमिका अहम् हुन्छ । आफ्नो असल कर्मको फलस्वरूप भगवानले दिएको वरदानअनुसार हामी शासक भएका छौं भन्ने पौराणिक मान्यता प्रायोगिक क्षेत्रमा मिथ्या साबित भएको छ । शासक हुने नैसर्गिक अधिकार वाचन गर्नेहरू अतीतका पानामा गइसके । प्रकृतिले मानवमा भेद गरेको छैन । समान अधिकारसहित स्वतन्त्र बाँच्न पाउने मानवको नैसर्गिक हकलाई मारेर अतीतका धेरै शासकहरू शदियौं शासन गरेर गएको सत्य हो । क्रमिकरूपमा मानिसमा बौद्धिक विकास हुँदै हक, अधिकारको पहिचान हुन थाल्यो र सो प्राप्त गर्न अनेक संघर्षहरू देखा पऱ्यो । जनताले आफ्नो सरकार बनाउन पाउने अधिकार लोकतन्त्रमा सुरक्षित छ । अधिकार विहीनताको अवस्थामा गुम्सिएर बस्नुपर्ने स्थितिमा लोकतन्त्रको कुराले जनतालाई आकर्षित गर्नु स्वाभाविक हो । स्वतन्त्र रूपले बाँच्न पाउने अधिकार पाउन जनताले संघर्षहरू गरेर लोकतान्त्रिक प्रणाली प्राप्त पनि गरे । तर, लोकतन्त्रको मर्मअनुसार यो प्रणाली चल्न नसकेको प्रति अहिले प्रश्न छ । तीन दशकभन्दा बढी अवधीमा पनि लोकतन्त्र लीकमा आउन सकेन । लोकतान्त्रिक व्यवस्थालाई चलाउन पैसाको आवश्यकता पर्छ र यसका लागि धन आर्जन गर्न पल्किएका राजनीतिक अगुवाहरू त्यही जालमा परेर बसे । गरिब मुलुकका दरिद्र मानसिकता बोकेका नागरिकहरू जनप्रतिनिधीको रूपमा धन कमाउनमा नै सीमित हुन पुगे ।

जनतालाई लोकतन्त्रको अनुभूति गराउने कार्यभारबाट बञ्चित भए । धनार्जन गरि यसैको भरमा राजनीति गर्ने दुष्प्रवृतिको विकास हुँदै गयो र यसले समग्र प्रणालीलाई आफ्नो कब्जामा लियो । व्यक्तिमा आर्थिक सम्पन्नता आएपछि गुणस्तर जेसुकै भएपनि राजनीतिको शीर्ष स्थान सुरक्षित रहने मान्यताले विस्तारै वैधानिकता पाउँदै गयो । यसरी केही व्यक्तिहरू पार्टीलाई मात्र कब्जा गरेन, समग्र प्रणालीलाई स्वार्थअनुसार परिभाषा गरि दियो । पैसाको बलमा गैरराजनैतिक व्यक्तिहरू पार्टीको शीर्ष स्थानमा आसीन छन् । देश र जनताका समृद्धिका विचार बोकेका नेता, कार्यकर्ताहरू फालिए । उनले न अवसर पाए न धन कमाए । पार्टीभित्र उनको जीवन नर्क जस्तै बनेको छ । पैसावालहरूको इज्जत हुने ठाउँमा विचार मात्र बोकेका निरीह प्राणीको रूपमा रहेका नेता, कार्यकर्ताहरू आत्मग्लानीमा बाँची रहेका छन् । अवस्था परिवर्तनको प्रतीक्षामा मौन बसेका ती कार्यकर्ताहरू विकल्प पनि देखिरहेका छैनन् । पूर्ववर्ती शासकहरूका राज्यमाथि अवशेष प्रभावको समाप्ति, आर्थिक सामाजिक रूपान्तरणका कार्यभार पूरा गर्न लिएको सपथसँगै आफुपनि सिद्धिने अवस्थाको दुर्दशा कार्यकर्ताहरू भोगिरहेका छन् ।

